# नेपाल गजेट

## भाग १

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं ज्येष्ठ ८ गते २०१३ साल [ अतिरिक्ताङ्क ४

## शाही घोषणा

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलिविराजमानमानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

आगे प्यारा प्रजा वर्गहरूके यथोचित,

हाम्रो देशको यस अन्तरिम शासन कालमा देश र युग सुहाउँदो न्याय प्रबन्ध होस् भन्ने उद्देश्यले हाम्रो प्रातः स्मरणीय स्वर्गीय श्री ५ महाराजाधिराज बुबाज्यूबाट प्रधान न्यायालय ऐन २००८ साल जारी भइबक्सियो । सो ऐन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत खडा भएको प्रधान न्यायालयले एउटा स्वतन्त्र र अधिकारसम्पन्न आधुनिक ढाँचाको अदालतको रूपमा काम गर्नेछ भन्ने मौसूफबाट आशा गरिबक्सेको थियो र सो न्यायालयमातहतका अदालतको पनि आधुनिक ढाँचामा पुनर्गठन गर्ने शाही अभिलाषासमेत प्रकट गरिबक्सेको थियो। मौसूफको सो महान् अभिलाषालाई ध्यानमा राखी हामीबाट संवत् २०१२ साल आश्विन ७ गते रोज ६ मा 'न्यायप्रशासन पुनर्गठन ऐन २०१२' जारी गरिबक्सियो। त्यसले हाम्रो मुलुकको सम्पूर्ण न्यायपालिकाको समुचित व्यवस्था हुने भएकोमा सो न्यायप्रशासन पुनर्गठन ऐनमा प्रधान न्यायालयका लागि विशेष व्यवस्था हुन सकेन र हालको परिस्थितिमा अहिलेको प्रधान न्यायालयभन्दा सुव्यवस्थित बढी अधिकारसम्पन्न र अधिक सम्पन्नयुक्त एउटा सर्वोच्च अदालतको स्थापना हुनु उचित तथा आवश्यक देखिएकोले हामीबाट मन्त्रि-मण्डलका सल्लाहअनुसार 'प्रधान न्यायालय ऐन २००८' खारेज गरी आजदेखि 'सर्वोच्च अदालत ऐन २०१३' जारी गरिबक्सेका छौं। तदनुसार प्रधान न्यायालयको स्थानमा देश र युग सुहाउँदो एउटा सर्वोच्च अदालतको स्थापना भएको छ।

मन्त्रि-मण्डलको सल्लाहले हामीबाट सो सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा निम्नलिखित व्यक्तिहरू नियुक्त गरिबक्सेका छौं।

१. श्रीअनिरुद्धप्रसादसिंह —— प्रधान न्यायाधीश
२. श्रीरत्नबहादुर विष्ट —— न्यायाधीश
३. श्रीसिद्धिबहादुरमल्ल —— न्यायाधीश

सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीशको पदमा ६ वर्षको अवधिका लागि श्रीभीनबहादुर थापाको र सो सर्वोच्च अदालतको अस्थायी विशेष (एडहक) न्यायाधीशको पदमा संवत् २०१३ साल कार्तिक २ गतेसम्मका लागि निम्नलिखित व्यक्तिहरूको नियुक्ति भएको छ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. श्रीतिवक्रशमशेर थापा
२. श्री हिरामान प्रधान
३. श्रीअनन्तबहादुर
४. श्रीशेरशंकर
५. श्री वल्लभशमशेर
६. श्रीउपेन्द्रराज

प्रधान न्यायालयका कामदार कारिन्दाहरु आफ आफ्नो पदअनुरुप सर्वोच्च अदालतको तत्तत् पदमा सारिएका छन् ।

यस सर्वोच्च अदालतले इन्साफ छिटो र सर्वसुलभ बनाई प्रजातान्त्रिक प्रणालीमा हाम्रो न्यायव्यवस्थालाई अधिकाधिक सुदृढ पारी हाम्रा प्यारा प्रजाको अधिकार तथा स्वतन्त्रताको यथोचित रक्षा गर्नेछ, जसबाट सबले शान्ति तथा व्यवस्थाको उपभोग गर्न पाउनेछन् भन्ने हामीबाट पूर्ण आशा तथा विश्वास गरिबक्सेका छौं ।

जय नेपाल !

आज्ञाले—

०१२।२।८।२

चन्द्रबहादुर थापा
प्रमुख सेक्रेटरी– नेपाल सरकार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

36

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकरुपमा मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

25